मिति २०८३ साल बैशाख महिनाको २२ गते मंगलबारको दिन यस जुगल गाउँपालिकाको कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री रेशम स्याङ्वोज्यूको अध्यक्षता र देहाय बमोजिमको सदस्यहरुको उपस्थितिमा निम्न बमोजिमको निर्णय गरी सम्पन्न गरियो।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री रेशम स्याङ्वो (गा.पा. अध्यक्ष) | अध्यक्ष | |
| २. | श्री हिमाल कुमार श्रेष्ठ (गा.पा. उपाध्यक्ष) | उपाध्यक्ष | |
| ३. | श्री जनक बहादुर तामाङ (१ नं वडा अध्यक्ष) | सदस्य | |
| ४. | श्री चन्द्रकाजी लामा (२ नं वडा अध्यक्ष) | सदस्य | |
| ५. | श्री लक्ष्मान लामा दोङ (३ नं वडा अध्यक्ष) | सदस्य | |
| ६. | श्री प्रेम तामाङ (४ नं वडा अध्यक्ष) | सदस्य | |
| ७. | श्री रविन्द्र घिमिरे (५ नं वडा अध्यक्ष) | सदस्य | |
| ८. | श्री टंक तामाङ (६ नं वडा अध्यक्ष) | सदस्य | |
| ९. | श्री रवि तामाङ (७ नं वडा अध्यक्ष) | सदस्य | |
| १०. | श्री सुनमाया सुनार | सदस्य | |
| ११. | श्री हेलामो तामाङ | सदस्य | |
| १२. | श्री सञ्जु नेपाली | सदस्य | |
| १३. | श्री दावा सिङ्वो शेर्पा | सदस्य | |
| १४. | श्री माया वि.क. | सदस्य | |
| १५. | श्री कविता माया श्रेष्ठ | सदस्य | |
| १६. | श्री गौरवराज के सी | सदस्य सचिव | |

प्रस्तावहरु

१. ढाँडे बजारमा रहेको गेटको सम्बन्धमा ।

२. कार्तिके बजार ढलान सम्बन्धमा

३. घ वर्गको लाइसेन्स नविकरण सम्बन्धमा ।

४. सार्वजनिक जग्गा अतिक्रमण सम्बन्धमा ।

५. योजना सम्झौता सम्बन्धमा ।

६. गोल्चे स्वास्थ्य चौकीमा कार्यरत अ न मीलाई सेवाबाट हटाउने सम्बन्धमा ।

७. ५० प्रतिशत अनुदानमा कृषि यान्त्रिकरण लाभग्राही छनौट गर्ने सम्बन्धमा ।

८. भेरिएसन सम्बन्धमा ।

९. योजना फरफारक सम्बन्धमा ।

१०. मासिक आय/व्यय विवरण सम्बन्धमा ।

११. विविध सम्बन्धमा ।

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

१. निर्णय नं १

प्रस्ताव नं १ माथि छलफल गर्दा जुगल गाउँपालिकाको मुख्य प्रवेशद्वार ढाँडे बजारमा निर्मित गाउँपालिका गेटको उचाई हाल १५ फिट रहेको र गेटको उचाइ कम हुदाँ कतिपय मालवाहक सवारीसाधनहरु र हाइड्रोपावरको सामान ढुवानी गर्ने ठुलाठुला सवारी साधनहरु ओहोरदोहोर गर्न कठिन भई बारम्बार गेट खन्नु पर्ने समस्या भएको हुदाँ उक्त गेट प्राविधिकको प्रत्यक्ष रेखदेखमा रही गेटको माथिल्लो भाग निकाल्ने र गेटको हाईट १८ फिट पुग्ने गरी गाउँपालिकाको पहिचान झल्कने आधुनिक र सुरक्षित गेटको नक्साकंन र लागत अनुमान तयार गर्न पूर्वाधार शाखालाई निर्देशन दिने निर्णय गरियो । साथै उक्त कार्यमा लाग्ने सम्पूर्ण खर्च हाइड्रोपावर कम्पनीहरु र गाउँपालिकाबीच भएको सम्झौता बमोजिम हाइड्रोपावर कम्पनीबाट भराउने निर्णय गरियो ।

२. निर्णय नं २

प्रस्ताव नं २ माथि छलफल गर्दा जुगल गाउँपालिकाको वडा नं ४ अन्तर्गतको व्यस्त बजार क्षेत्र **कार्तिके बजार**को सडक हिलाम्मे र धुलाम्मे भई आवतजावतमा कठिनाइ भएको र सो क्षेत्रमा संचालित हाइड्रोपावर कम्पनीका गह्रौं सवारी साधनहरूको चापका कारण सडक थप जिर्ण भएकाले उक्त सडक ढलान कार्य तत्काल अगाडि बढाउन आवश्यक देखिएको छ। सो सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो:

- कार्तिके बजार सडक ढलान गर्नको लागि प्राविधिक शाखाबाट तयार पारिएको लागत अनुमान (Estimate) अनुसार सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम बोलपत्र (Tender) आह्वानको प्रक्रिया तत्काल अगाडि बढाउने।
- उक्त कार्यमा लाग्ने सम्पूर्ण खर्च हाइड्रोपावर कम्पनीहरु र गाउँपालिकाबीच भएको सम्झौता बमोजिम हाइड्रोपावर कम्पनीबाट भराउने ।
- यदि कुनै कारणवश हाइड्रोपावर कम्पनीहरूले उक्त रकम उपलब्ध गराउन इन्कार गरेमा वा रकम अपुग भएमा, योजनालाई अधुरो रहन नदिन उक्त निर्माण कार्यको भुक्तानीका लागि गाउँपालिकाले आगामी आर्थिक वर्षको वार्षिक बजेटमा अनिवार्य बजेट विनियोजन गरी भुक्तानी दिने सुनिश्चितता (Source Assurance) प्रदान गर्ने निर्णय गरियो।
- यो निर्णय बमोजिम ठेक्का प्रक्रिया सुरु गर्न योजना शाखा र आर्थिक प्रशासन शाखालाई आवश्यक निर्देशन दिने निर्णय गरियो।

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

३. निर्णय नं ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा यस गाउँपालिकाबाट घ वर्गको निर्माण व्यवसायीको इजाजत पत्र प्राप्त गरेको जय जुगल कन्स्ट्रक्सन प्रा. लि., इजाजत पत्र नं १ को इजाजत पत्र आ. ब. २०८०/०८१ सम्ममात्र नविवरण भएको र निजले नविकरणको लागि हालसालै निवेदन पेश गर्नु भएको हुदाँ निजलाई आ. ब. २०८१/०८२ को लागि रु. २०,०००.०० र आ. ब. २०८२/०८३ को लागि रु. १०,०००.०० गरि जम्मा रु. ३०,०००.००जरिवाना लिई निजको इजाजत पत्र जुगल गाउँपालिकाको घ वर्गको इजाजतपत्र कार्यविधि, २०७४ बमोजिम जरिवाना लिई नविकरण गर्ने निर्णय गरियो ।

४. निर्णय नं ४

प्रस्ताव नं.४ माथि छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. नं. ४२, मिति २०८३/०१/१७ को सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने र शासकीय सुधारको कार्यान्वयन सम्बन्धमा पत्रबाट लेखि आए बमोजिम गाउँपालिकाभित्रका सार्वजनिक जग्गाको संरक्षण तथा अतिक्रमणका लागि आवश्यक व्यवस्था मिलाउने ।यस गाउँपालिकाभित्रका सार्वजनिक जग्गाभित्रका अनधिकृत रुपमा बनाइएका घर टहरा १५ दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने । यसरी सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण गरी बसेका घरपरिवारमध्ये वास्तविक सुकुम्बासी पहिचान गर्नका लागि साथै गाउँपालिकाभित्रका सरकारी तथा सार्वजनिक जग्गा संरक्षण गर्नको लागि वडा कार्यालयहरुलाई पत्राचार गर्ने निर्णय गरियो ।

५. निर्णय नं ५

प्रस्ताव नं ५ माथि छलफल गर्दा यस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गतका सम्पूर्ण योजना तथा कार्यक्रमहरूको उपभोक्ता समिति वा निर्माण व्यवसायीसँग गरिने सम्झौता कार्य २०८३ साल वैशाख मसान्त (वैशाख ३१ गते) सम्ममा मात्र सम्पन्न गर्ने निर्णय गरियो। यस निर्णयको बारेमा नगरपालिकाको सूचना पाटी, वेबसाइट र वडा कार्यालयहरू मार्फत सम्बन्धित उपभोक्ता समिति तथा सरोकारवालाहरूलाई तत्काल जानकारी गराउने र वैशाख मसान्तभित्र सम्झौता गर्न नआउने योजनाहरूको हकमा विशेष परिस्थिति बाहेक अन्य अवस्थामा सम्झौता नगर्ने र त्यस्ता योजनाहरूको बजेट रोक्का राख्ने निर्णय गरियो।

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

६. निर्णय नं ६

प्रस्ताव नं ६ माथि छलफल गर्दा गोल्चे स्वास्थ्य चौकीमा अ.न.मी. पदमा करार सेवामा कार्यरत कर्मचारी सविना भण्डारीले आफ्नो पदीय जिम्मेवारी अनुसारको **कार्यसम्पादन सन्तोषजनक रुपमा नगरेको,** कार्यालयको आन्तरिक अनुशासन पालना नगरेको र कार्यालयको पूर्व स्वीकृत विना नै **लामो समयदेखि कार्यक्षेत्रमा अनुपस्थित** रही स्वास्थ्य जस्तो संवेदनशील सेवामा अवरोध पुऱ्याएको पाइएको छ। निज कर्मचारीलाई आफ्नो बचाउ गर्न र अनुपस्थित हुनुको कारण पेश गर्न गाउँपालिकाले मिति २०८३/०१/१६ गते सोधेको स्पष्टीकरणको जवाफ चित्तबुझ्दो नभएकोले निज सविना भण्डारीसँग भएको करार सम्झौताको बुँदा नं. ७ मा उल्लेखित शर्तहरू बमोजिम निजलाई आजकै मितिदेखि लागू हुने गरी **करार सेवाबाट हटाउने (करार अन्त्य गर्ने)** निर्णय गरियो।

७. निर्णय नं ७

प्रस्ताव नं ७ माथि छलफल गर्दा यस जुगल गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको "कृषि औजार तथा सामग्री खरिद र कृषि तथा पशुपन्छी प्रवर्द्धन कार्यक्रम" बाट ५० प्रतिशत कृषक साझेदारी (अनुदान) मा मिनी टिलर, कोदो चुट्ने मेशिन र भुस काट्ने मेशिन वितरण गर्नका लागि गाउँपालिकाको कार्यालयबाट मिति २०८२/१०/२७ गते सार्वजनिक सूचना प्रकाशन गरिएको थियो ।उक्त सूचनाको म्यादभित्र यस कार्यालयको कृषि विकास शाखामा रितपूर्वक पर्न आएका निवेदनहरू उपर कृषि शाखा बाट प्राविधिक जाँचबुझ, स्थलगत आवश्यकता र मापदण्डका आधारमा मूल्यांकन गरी तयार पारिएको प्रारम्भिक सूची र कृषकहरूको आवश्यकतामाथि विस्तृत छलफल गरी देहाय बमोजिमका इच्छुक कृषक, आमा समूह, तथा कृषि फर्महरूलाई ५० प्रतिशत अनुदानमा माग बमोजिमका कृषि औजार उपलब्ध गराउने गरी लाभग्राही छनौट गर्ने निर्णय गरियो।

२०८३।१।३

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

| क. सं. | नाम थर | ठेगाना | सम्पर्क नं. | स्पेसिफिकेशन | समूह / व्यक्तिगत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कुमार बहादुर श्रेष्ठ | जुगल - १ | ९८६०११२०२७ | ५.५hp diesel double clutch | व्यक्तिगत | च्याखुर |
| २ | जल बहादुर तामाङ | जुगल - १ | ९८४३०५५१४९ | ५.५hp diesel double clutch | व्यक्तिगत | च्यामेगौंउ |
| ३ | पृथ्वी बहादुर सिलवाल | जुगल - १ | ९८६२५९१८२७ | ५.५hp diesel double clutch | व्यक्तिगत | डाडौंटोल |
| ४ | कान्छाराम लामा | जुगल - १ | ९७४८२६६८९९ | ५.५hp diesel double clutch | व्यक्तिगत | सिडमाङ्गे |
| ५ | मनकुमार सिलवाल | जुगल - १ | ९८६९८५६८१७ | ५.५hp diesel double clutch | व्यक्तिगत | महविर खोला |
| ६ | जित बहादुर पाहन | जुगल - १ | ९७४६५१२२६४ | मिनी टिलर ७ hp singleपेट्रोल | व्यक्तिगत | तोरीबारी |
| ७ | सोम बहादुर तामाङ | जुगल - १ | ९७४८२६७१५७ | मिनी टिलर ७ hp singleपेट्रोल | व्यक्तिगत | च्याखुर |
| ८ | चक्र बहादुर तामाङ | जुगल - १ | ९८४९०६८१७० | मिनी टिलर ७ hp singleपेट्रोल | व्यक्तिगत | छिकु |
| ९ | साङलाल तामाङ | जुगल - १ | ९८४५७६७८८० | मिनी टिलर ७ hp singleपेट्रोल | व्यक्तिगत | सेपगौंउ |
| १० | लाल बहादुर नेपाली | जुगल - १ | ९८६३४२५५८५ | ७ hp diesel double clutch | व्यक्तिगत | देउराली |
| ११ | नेत्र बहादुर सिलवाल | जुगल - १ | ९८६९३६७५९६ | ७ hp diesel double clutch | व्यक्तिगत | महविर खोला |
| १२ | वीर बहादुर लामा | जुगल - २ | ९८६५४५४८७१ | ५.५hp diesel double clutch | व्यक्तिगत | हिले वेशी |
| १३ | संगीता गौतम | जुगल - २ | ९८६५४६७४६७ | ५.५hp diesel double clutch | व्यक्तिगत | तार्के |
| १४ | फुलकाजी स्याङ्वो | जुगल - २ | ९८६२५९१८७० | ५.५hp diesel double clutch | व्यक्तिगत | कुम्लेश्वर |
| १५ | केशव आले मगर | जुगल - २ | ९८६५३९४०४० | ५.५hp diesel double clutch | व्यक्तिगत | कुम्लेश्वर |
| १६ | आशाबहादुर स्याङ्वो | जुगल - २ | ९८४०८२११४५ | ५.५hp diesel double clutch | व्यक्तिगत | निम्लुङ |
| १७ | तिलक सिलवाल | जुगल - २ | ९८६१६७७३८७ | ५.५hp diesel double clutch | व्यक्तिगत | सुप्लिङ |
| १८ | विकास योन्जन | जुगल - २ | ९८४४६६९४४३ | ५.५hp diesel double clutch | व्यक्तिगत | कुम्लेश्वर |
| १९ | तोक बहादुर तामाङ | जुगल - २ | ९८६२७२९५२४ | ५.५hp diesel double clutch | व्यक्तिगत | किप्चे |
| २० | हरि रोका | जुगल - २ | ९८६५३९४०१५ | ५.५hp diesel double clutch | व्यक्तिगत | कुम्लेश्वर |
| २१ | कान्छा लामा | जुगल - २ | ९८६९३५३४१३ | ५.५hp diesel double clutch | व्यक्तिगत | निम्लुङ वेसी |
| २२ | वंगलाल वोम्जन | जुगल - २ | ९७६७३०७९०७ | ५.५hp diesel double clutch | व्यक्तिगत | कुम्लेश्वर |
| २३ | भिम लाल दोङ | जुगल - २ | ९७६३४२७१७१ | मिनी टिलर ७ hp singleपेट्रोल | व्यक्तिगत | खरे खोला |
| २४ | होम बहादुर सिलवाल | जुगल - २ | ९७६७२२८६४४ | ५.५hp diesel double clutch | व्यक्तिगत | वैकुन्ठे |
| २५ | लालकाजी लामा | जुगल - ३ | ९७४१६५९१८१ | मिनी टिलर ७ hp singleपेट्रोल | व्यक्तिगत | पाङ्गार्पु |
| २६ | वनलाल तामाङ | जुगल - ३ | ९७६७२८३६२७ | मिनी टिलर ७ hp singleपेट्रोल | व्यक्तिगत | पाङ्गार्पु |
| २७ | पासलाल तामाङ | जुगल - ३ | ९७४२८२९५६७ | मिनी टिलर ७ hp singleपेट्रोल | व्यक्तिगत | बोल्दे |
| २८ | देउमाया श्रेष्ठ | जुगल - ४ | ९८५१३४००२२ | ५.५hp diesel double clutch | व्यक्तिगत | डल्ले पोखरी |
| २९ | पूर्ण माया कमीनी | जुगल - ४ | ९७६७९७२३६७ | ५.५hp diesel double clutch | व्यक्तिगत | ढडचाङ |
| ३० | सोनाम तामाङ | जुगल - ४ | ९८४३९६७२२१ | ५.५hp diesel double clutch | व्यक्तिगत | सुनखोला |
| ३१ | तुलसि नारायण गुभाजु | जुगल - ४ | ९८६०१८२५६६ | ५.५hp diesel double clutch | व्यक्तिगत | तिनघरे |
| ३२ | सुन बहादुर तामाङ | जुगल - ४ | ९८६६४३४८५१ | ५.५hp diesel double clutch | व्यक्तिगत | कुश्नेती |
| ३३ | संख लाल तामाङ | जुगल - ४ | ९७४६५०२०४६ | मिनी टिलर ७ hp singleपेट्रोल | व्यक्तिगत | घुङ्गा |
| ३४ | कुमार सिलवाल | जुगल - ४ | ९८६९२४१४९९ | मिनी टिलर ७ hp singleपेट्रोल | व्यक्तिगत | पाकु नाम्फाली |
| ३५ | जुनदेवी सिलवाल | जुगल - ४ | ९८४८००८२५२ | मिनी टिलर ७ hp singleपेट्रोल | व्यक्तिगत | थापा टोल |
| ३६ | ईन्द्र बहादुर सापकोटा | जुगल - ४ | ९८६७५६१०३९ | मिनी टिलर ७ hp singleपेट्रोल | व्यक्तिगत | पाकु |
| ३७ | राम बहादुर श्रेष्ठ | जुगल - ४ | ९८६४०११५६० | ७ hp diesel double clutch | व्यक्तिगत | कात्तिके |
| ३८ | अमृत गुभाजु | जुगल - ४ | ९८४१९०२७६० | ७ hp diesel double clutch | व्यक्तिगत | सेप्सा |
| ३९ | डम्मर बहादुर सिलवाल | जुगल - ४ | ९८६१२१६०२९ | ७ hp diesel double clutch | व्यक्तिगत | मान्जे |
| ४० | पशुपति तामाङ | जुगल -५ | ९८६२४३५६८३ | ५.५hp diesel double clutch | व्यक्तिगत | गुम्बा डाँडा |
| ४१ | हर्क बहादुर मगर | जुगल -५ | ९७६९७६०२९२ | ५.५hp diesel double clutch | व्यक्तिगत | राम्चे |
| ४२ | दुर्गा श्रेष्ठ | जुगल -५ | ९८४२४००४२६ | ५.५hp diesel double clutch | व्यक्तिगत | डबली |
| ४३ | साबित्री ढकाल | जुगल -५ | ९८६९७५७१६३ | ५.५hp diesel double clutch | व्यक्तिगत | खमारे |
| ४४ | पदम बहादुर तामाङ | जुगल -५ | ९८४११६४६३८ | ५.५hp diesel double clutch | व्यक्तिगत | कालिमाटी राम्चे |
| ४५ | मधुकर श्रेष्ठ | जुगल -५ | ९८६५३९४१३० | ५.५hp diesel double clutch | व्यक्तिगत | ध्यादुङ |
| ४६ | जगत बहादुर श्रेष्ठ | जुगल -५ | ९८४०७१४४६७ | ५.५hp diesel double clutch | व्यक्तिगत | ध्यादुङ |
| ४७ | नेमा साङ्वो तामाङ | जुगल -५ | ९७६४७८९३७२ | ५.५hp diesel double clutch | व्यक्तिगत | पोखरे |
| ४८ | साङ बहादुर तामाङ | जुगल -५ | ९८४४६७०११० | ५.५hp diesel double clutch | व्यक्तिगत | बराम्ची |
| ४९ | रुपदास तामाङ | जुगल -५ | ९८४५७६७३७१ | ५.५hp diesel double clutch | व्यक्तिगत | टेकानपुर |
| ५० | कार्पो लामा | जुगल -५ | ९८६२५७७३७७ | मिनी टिलर ७ hp singleपेट्रोल | व्यक्तिगत | थाङसिङ |
| ५१ | हरि बहादुर अधिकारी | जुगल -५ | ९८४५३३४८१० | ७ hp diesel double clutch | व्यक्तिगत | चनौटे |
| ५२ | केदार सापकोटा | जुगल -५ | ९७४३५७४६०७ | ७ hp diesel double clutch | व्यक्तिगत | सापले |
| ५३ | शम्शेर बहादुर श्रेष्ठ | जुगल -५ | ९८४२४२१९९४ | ७ hp diesel double clutch | व्यक्तिगत | च्यानडाँडा |
| ५४ | देव माया ढुङ्गाना | जुगल -५ | ९७६१७४७३५१ | ७ hp diesel double clutch | व्यक्तिगत | ढाँडि( टेकानपुर ) |
| ५५ | पदम कुमारी श्रेष्ठ | जुगल - ६ | ९८४५१७७१९९ | ५.५hp diesel double clutch | व्यक्तिगत | हाप्रा |
| ५६ | दिल कुमार तामाङ | जुगल - ६ | ९८२७६७९००५ | ५.५hp diesel double clutch | व्यक्तिगत | विसिंडखर |
| ५७ | मुना माया श्रेष्ठ | जुगल - ६ | ९८४८८३७२५७ | ५.५hp diesel double clutch | व्यक्तिगत | विसिंडखर |
| ५८ | राम बहादुर श्रेष्ठ | जुगल - ६ | ९८४९९२४६३६ | ५.५hp diesel double clutch | व्यक्तिगत | खानिडाँडा |
| ५९ | प्रेम लाल श्रेष्ठ | जुगल - ६ | ९८५११०५२६५ | ५.५hp diesel double clutch | व्यक्तिगत | पाटिचौर |
| ६० | सुमिता तामाङ | जुगल - ६ | ९८४०८५८५४१ | मिनी टिलर ७ hp singleपेट्रोल | व्यक्तिगत | विसिंडखर |
| ६१ | राम बहादुर तामाङ | जुगल - ६ | ९८६४४५९५८६ | मिनी टिलर ७ hp singleपेट्रोल | व्यक्तिगत | हगाम |
| ६२ | लिला बहादुर श्रेष्ठ | जुगल - ६ | ९८४०८१२३७८ | ७ hp diesel double clutch | व्यक्तिगत | हाप्रा |
| ६३ | दुल बहादुर तामाङ | जुगल -७ | ९७६३२२३२५४ | ५.५hp diesel double clutch | व्यक्तिगत | याङलाकोट |
| ६४ | विश्व तामाङ | जुगल -७ | ९८४९०८६१३८ | ७ hp diesel double clutch | हगाम याङ्लाकोट साना किसान कृषि सहकारी | याङलाकोट |
| ६५ | सोबले तामाङ | जुगल - १ | ९८४३३५८१५१ | कोदो चुट्ने फल्ने थेसर | व्यक्तिगत | सेपगौंउ |
| ६६ | जाल माई स्याङ्वो | जुगल - २ | ९८४९२२८४४७ | कोदो चुट्ने फल्ने थेसर | व्यक्तिगत | निम्लुङ्ग |
| ६७ | पद्मलाल तामाङ | जुगल - ३ | ९७६९३३०१४३ | कोदो चुट्ने फल्ने थेसर | व्यक्तिगत | पाङ्गार्पु |
| ६८ | लक्ष्मी तामाङ | जुगल - ६ | ९८६०२३९२९८ | कोदो चुट्ने फल्ने थेसर | व्यक्तिगत | हगाम |
| ६९ | सोम बहादुर श्रेष्ठ | जुगल - ४ | ९८६८२२८८३७ | कोदो चुट्ने फल्ने थेसर | व्यक्तिगत | पाङताङ |
| ७० | क्षेत्र माया श्रेष्ठ | जुगल -६ | ९७४५३५१६१२ | कोदो चुट्ने फल्ने थेसर | व्यक्तिगत | पाटिचौर |
| ७१ | विश्व तामाङ | जुगल -७ | ९८४९०८६१३८ | कोदो चुट्ने फल्ने थेसर | हगाम याङ्लाकोट साना किसान कृषि सहकारी | याङलाकोट |

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्वी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

८. निर्णय नं ८

प्रस्ताव नं ८ माथि छलफल गर्दा यस गाँउपालिकाको निर्माणाधिन १० शैयाको आधारभूत अस्पतालको निर्माण कार्यको लागि विभिन्न निर्माण व्यवसायीसँग भएको ठेक्का सम्झौता बमोजिम साइटमा काम गर्ने क्रममा प्राविधिक रूपमा देखिएको यथार्थ आवश्यकता र स्थलगत जटिलताका कारण केही वस्तुगत आइटमहरूको परिमाण बढाउनुपर्ने र केही आइटमहरूको परिमाण घटाउनुपर्ने स्थिति सिर्जना भएको छ। ठेक्का सम्झौताको कुल स्वीकृत लागत रकम सीमाभित्रै रहने गरी (अर्थात् कुल सम्झौता रकममा वृद्धि नहुने गरी) प्राविधिक आवश्यकताका आधारमा कुनै आइटमको काम घटाउने र कुनै आइटमको काम बढाउने गरी प्राविधिक शाखाबाट पेस हुन आएको भेरिएसन प्रस्तावलाई सार्वजनिक खरिद नियमावली, २०६४ को प्रचलित प्रावधानको परिधिभित्र रही स्वीकृत भएको परिमाणको आधारमा सम्बन्धित निर्माण व्यवसायीसँग आवश्यक प्रक्रिया पूरा गरी भेरिएसन अर्डरसहितको काम गर्न लगाउन प्रमुख प्रशासकीय अधिकृतलाई स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

९. निर्णय नं ९

प्रस्ताव नं ९ माथि छलफल गर्दा आ. ब .२०८२/०८३ मा रकम विनियोजित भई कार्यान्वयन भएको तपसिलका योजनाहरुको चैत महिनामा गाँउपालिकास्तरीय योजना अनुगमन समितिले अनुगमन गरी चैत महिनामा फरफारक भएका योजनाहरुको विवरण देहाय बमोजिमको रहेको छ ।

| क्र.स | योजनाको नाम | वडा नं. | कार्यसम्पन्न मिति | विनियोजित बजेट | जनश्रमदान | भुक्तानी भएको रकम |
|---|---|---|---|---|---|---|
| 1 | लज्याम्बा घाट निर्माण | 1 | 2082-12-27 | 400000 | 44495 | 388000 |
| 2 | होकोर टोल नाली व्यवस्थापन | 6 | 2082-12-26 | 300000 | 33990 | 291000 |
| 3 | पाटीचौर मसाने पाटी | 6 | 2082-12-25 | 250000 | 27882.59 | 242500 |
| 4 | स्याउजे मन्दिर निर्माण, जुगल ६ | 6 | 2082-12-23 | 300000 | 33581.5 | 291000 |
| 5 | छुटकारा निस्सी चर्च कातिके | 4 | 2082-12-23 | 200000 | 25852 | 194000 |
| 6 | मोटरबाटो सरसफाई जुगल १ | | 2082-12-18 | 100000 | 13971 | 97000 |
| 7 | हाप्रा दोमोङपोखरी सिँढी निर्माण, जुगल ६ | 6 | 2082-12-18 | 300000 | 34188.77 | 291000 |
| 8 | मगाङ हिप्लु अम्बुडाँडा सिँचाई, जुगल ५ | 5 | 2082-12-18 | 700000 | 78130 | 678000 |

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | शेर्माथान गाउँ सिँढी निर्माण, जुगल ७ | 7 | 2082-12-18 | 300000 | 34349.2 | 289842 |
| 10 | मसाने पाटी हाप्रा | 6 | 2082-12-18 | 250000 | 27853.55 | 242500 |
| 11 | बा◌ेल्दे स्कुलडाँडा ठूला◌े ढुङ्गा गा◌ेरेटो बाटो सिढीं तथा ढालन | 3 | 2082-12-18 | 400000 | 44901 | 387000 |
| 12 | जलदे◌ेवी पहिरो नियन्त्रण | 7 | 2082-12-17 | 150000 | 16832 | 125627 |
| 13 | गुम्बाडाँडा कोङगङ्से सिँढी निर्माण, जुगल ५ | 5 | 2082-12-17 | 300000 | 35515 | 291000 |
| 14 | नयाँ पुल थाम्राङ गोरेटो वाटो | 4 | 2082-12-17 | 150000 | 17634 | 145500 |
| 15 | पन्च्य टोल गोरेटो वाटो | 4 | 2082-12-16 | 200000 | 26819.91 | 189290 |
| 16 | पहिरे काउले किटीनी सिँचाई, जुगल ५ | 5 | 2082-12-16 | 500000 | 56428.65 | 478449 |
| 17 | उल्चे गाउँ सिँढी निर्माण जुगल १ | 1 | 2082-12-16 | 500000 | 15000 | 484000 |
| 18 | पहिरा◌े टा◌ेल खानेपानी,धारा मर्मत | 5 | 2082-12-11 | 100000 | 11507 | 95148 |
| 19 | थाम्राङ खोला ढलान मर्मत | 4 | 2082-12-11 | 200000 | 25600 | 193000 |
| 20 | धनपति खोलाबाट वडा कार्यालयसम्म जाने गोरेटो बाटो निरन्तर, जुगल ४ निरन्तर | | 2082-12-10 | 300000 | 33578 | 288218 |
| 21 | चा◌ैना◌ैटे ७ नं मन्दिर मर्मत | 5 | 2082-12-10 | 150000 | 16781 | 145500 |

१०. निर्णय नं १०

प्रस्ताव नं १० माथि छलफल गर्दा यस गाँउपालिकाको आ. ब .२०८२/०८३ को विनियोजित नीति तथा कार्यक्रम, योजना र बजेट चैत्र महिनाको आय/व्ययको विवरण देहाय बमोजिम रहेको छ ।

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

# जुगल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक
**Office Code : ८०३२७५०२३००**

### आय व्ययको बिबरण

FY : २०८२/८३ अवधी : २०८२/१२/०१-२०८२/१२/३०

**आय**

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | Income(%) | मौज्दात |
|---|---|---|---|---|
| संघीय सरकार | ३५,४४,५१,०००.०० | ९,९५,३०,३८६.०० | २८.०८ | २५,४९,२०,६१४.०० |
| १३३११ समानिकरण अनुदान | ११,१३,००,०००.०० | २,२७,३८,५९०.०० | २०.४३ | ८,८५,६१,४१०.०० |
| १३३१२ शसर्त अनुदान चालु | २०,७८,५१,०००.०० | ६,७०,९७,९६०.०० | ३२.२८ | १४,०७,५३,०४०.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ६,००,०००.०० | २,०४,०००.०० | ३४ | ३,९६,०००.०० |
| १३३१४ विषेश अनुदान चालु | १,९०,००,०००.०० | ९४,८९,८३६.०० | ४९.९५ | ९५,१०,१६४.०० |
| १३३१५ विषेश अनुदान पुँजीगत | ८९,००,०००.०० | ०.०० | ० | ८९,००,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ६८,००,०००.०० | ०.०० | ० | ६८,००,०००.०० |
| प्रदेश सरकार | ६,७४,४२,०००.०० | १,६८,६०,५००.०० | २५ | ५,०५,८१,५००.०० |
| १३३११ समानिकरण अनुदान | १,१०,२८,०००.०० | २७,५७,०००.०० | २५ | ८२,७१,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | १,७१,१४,०००.०० | ४२,७८,५००.०० | २५ | १,२८,३५,५००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ५०,००,०००.०० | १२,५०,०००.०० | २५ | ३७,५०,०००.०० |
| १३३१४ विषेश अनुदान चालु | ७०,००,०००.०० | १७,५०,०००.०० | २५ | ५२,५०,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | २,७३,००,०००.०० | ६८,२५,०००.०० | २५ | २,०४,७५,०००.०० |
| राजस्व बाडफाड | १५,५७,२४,९३९.०० | ०.०० | ० | १५,५७,२४,९३९.०० |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | ०.०० | ०.०० | ० | ०.०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ७,९४,०७,४७२.०० | ०.०० | ० | ७,९४,०७,४७२.०० |
| ११४२१ बाँडफाँड भ०इ प्राप्त हुने अन्त:शुल्क | २,६४,०२,४९१.०० | ०.०० | ० | २,६४,०२,४९१.०० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ३,९९,१४,९७६.०० | ०.०० | ० | ३,९९,१४,९७६.०० |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | १,००,००,०००.०० | ०.०० | ० | १,००,००,०००.०० |
| अन्तरिक श्रोत | ६,१०,४४,५७६.१३ | ६,०१,६११.१५ | ०.९९ | ६,०४,४२,९६४.९८ |
| ११३१४ भुमिकर/मालपोत | ९,५०,०००.०० | १,४५,२९५.१५ | १५.२९ | ८,०४,७०४.८५ |
| ११३१७ वहाल कर | २,५०,०००.०० | १,६४,३००.०० | ६५.७२ | ८५,७००.०० |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ३,००,०००.०० | ११,१४०.०० | ३.७१ | २,८८,८६०.०० |
| १४२४९ अन्य दस्तुर | ८,००,०००.०० | १,०५,७५०.०० | १३.२२ | ६,९४,२५०.०० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | १९,००,०००.०० | १,४०,६५०.०० | ७.४ | १७,५९,३५०.०० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ७,००,०००.०० | ०.०० | ० | ७,००,०००.०० |
| १५१११ बेरूजू | १,००,०००.०० | ३४,४७६.०० | ३४.४७ | ६५,५२४.०० |

**व्यय**

| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
|---|---|---|---|---|
| चालु | ३८,१२,३३,०१५.१३ | ४,६९,८४,९३६.३० | १२.३२ | ३३,४२,४८,०७८.८३ |
| २११११ पारिश्रमिक कर्मचारी | ४,११,८८,०००.०० | ३३,५२,७१९.४७ | ८.१४ | ३,७८,३५,२८०.५३ |
| २११२१ पोशाक | ८,३०,०००.०० | ०.०० | ० | ८,३०,०००.०० |
| २११२३ औषधीउपचार खर्च | ९,८०,०००.०० | ०.०० | ० | ९,८०,०००.०० |
| २११३१ स्थानीय भत्ता | ८,००,०००.०० | ३,२१०.०० | ०.४ | ७,९६,७९०.०० |
| २११३२ महंगी भत्ता | १७,००,०००.०० | ५,०००.०० | ०.२८ | १६,९५,०००.०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | ८,००,०००.०० | ०.०० | ० | ८,००,०००.०० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ०.०० | ०.०० | ० | ०.०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | ६,००,०००.०० | ९०,०००.०० | १५ | ५,१०,०००.०० |
| २११४२ पदाधिकारीअन्य सुबिधा | ६४,७२,९६३.०० | २,६५,५००.०० | ४.०९ | ६२,०७,४६३.०० |
| २१२११ कर्मचारीको सामाजिक सुरक्षा कोष खर्च | ०.०० | ०.०० | ० | ०.०० |
| २१२१२ कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | ०.०० | ०.०० | ० | ०.०० |
| २१२१३ कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च | ५,००,०००.०० | ४००.०० | ०.०८ | ४,९९,६००.०० |
| २२१११ पानी तथा बिजुली | ५,००,०००.०० | ५४,१२५.०० | १०.८३ | ४,४५,८७५.०० |
| २२११२ संचार महसुल | ६,००,०००.०० | ०.०० | ० | ६,००,०००.०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ४०,००,०००.०० | ३,३४,२४२.०० | ८.३६ | ३६,६५,७५८.०० |
| २२२१३ सवारी साधन मर्मत खर्च | ३०,००,०००.०० | १,६२,९२५.०० | ५.४३ | २८,३७,०७५.०० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ५,००,०००.०० | १,६०,५५८.८३ | ३२.११ | ३,३९,४४१.१७ |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ८,५०,०००.०० | ०.०० | ० | ८,५०,०००.०० |
| २२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | २२,००,०००.०० | ०.०० | ० | २२,००,०००.०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ४६,००,०००.०० | ८,८७,६००.०० | १९.३ | ३७,१२,४००.०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ३४,२०,०००.०० | १,९०,६५०.०० | ५.५७ | ३२,२९,३५०.०० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | ३३,२०,०००.०० | १,६०,०००.०० | ४.८२ | ३१,६०,०००.०० |
| २२४११ सेवा र परामर्श खर्च | २२,००,०००.०० | ०.०० | ० | २२,००,०००.०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| २२४१३ करार सेवा शुल्क | १,७०,००,०००.०० | ९,९३,७७४.०० | ५.८५ | १,६०,०६,२२६.०० |
| २२४१४ सरसफाईसेवा शुल्क | ३,००,०००.०० | ०.०० | ० | ३,००,०००.०० |
| २२४१९ अन्य सेवा शुल्क | ५०,०००.०० | ३०,०००.०० | ६० | २०,०००.०० |
| २२५११ कर्मचारी तालिम खर्च | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |

जुगल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बराम्बी, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

**गौरवराज के सी**
**प्रमुख प्रशासकीय अधिकृत**

## जुगल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक
**Office Code : ८०३२७५०२३००**

### आय व्ययको बिबरण

: २०८२/८३ अवधी : २०८२/१२/०१-२०८२/१२/३०

**आय**

| | | | | |
|---|---|---|---|---|
| १२२ बैंक मौज्दात | ५,६०,४४,५७६.१३ | ०.०० | ० | ५,६०,४४,५७६.१३ |
| जम्मा | ६३,८६,६२,५१५.१३ | ११,६९,९२,४९७.१५ | १८.३१ | ५२,१६,७०,०१७.९८ |

**व्यय**

| | | | | |
|---|---|---|---|---|
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ८,००,०००.०० | ०.०० | ० | ८,००,०००.०० |
| २२५२२ कार्यक्रम खर्च | २,१४,३०,०००.०० | ५,७०,०००.०० | २.६६ | २,०८,६०,०००.०० |
| २२५२९ विविध कार्यक्रम खर्च | २,३९,९५,०००.०० | २,९५,७३०.०० | १.२३ | २,३६,९९,२७०.०० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ३,००,०००.०० | ०.०० | ० | ३,००,०००.०० |
| २२६१२ भ्रमण खर्च | १२,००,०००.०० | ६२,७५०.०० | ५.२३ | ११,३७,२५०.०० |
| २२६१९ अन्य भ्रमण खर्च | २,१८,०००.०० | ०.०० | ० | २,१८,०००.०० |
| २२७११ विविध खर्च | ४२,२०,०००.०० | २,६०,३८०.०० | ६.१७ | ३९,५९,६२०.०० |
| २२७२१ सभा सञ्चालन खर्च | ३,५०,०००.०० | ०.०० | ० | ३,५०,०००.०० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | १९,५५,३५,०००.०० | ३,७६,९०,१८८.०० | १९.२८ | १५,७८,४४,८१२.०० |
| २५३१२ स्वास्थ संस्थाहरूलाई सहायता | १,३६,७८,०००.०० | ३,९०,९८४.०० | २.८६ | १,३२,८७,०१६.०० |
| २७१११ सामाजिक सुरक्षा | ४,००,०००.०० | ०.०० | ० | ४,००,०००.०० |
| २७११२ अन्य सामाजिक सुरक्षा | १२,००,०००.०० | ७५,०००.०० | ६.२५ | ११,२५,०००.०० |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १,०९,००,०००.०० | ८,९३,०००.०० | ८.१९ | १,००,०७,०००.०० |
| २७२१३ औषधीखरिद खर्च | ४५,००,०००.०० | १७,८००.०० | ०.४ | ४४,८२,२००.०० |
| २७२१९ अन्य सामाजिक सहायता | ६,००,०००.०० | २५,०००.०० | ४.१७ | ५,७५,०००.०० |
| २८१४२ घरभाडा | २,००,०००.०० | ०.०० | ० | २,००,०००.०० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | १०,००,०००.०० | १३,४००.०० | १.३४ | ९,८६,६००.०० |
| २८२११ राजस्व फिर्ता | १५,६१,०७६.१३ | ०.०० | ० | १५,६१,०७६.१३ |
| २८२१९ अन्य फिर्ता | १२,३४,९७६.०० | ०.०० | ० | १२,३४,९७६.०० |
| पूंजीगत | २५,७४,२९,५००.०० | २,२१,६७,८००.०० | ८.६१ | २३,५२,६१,७००.०० |
| ३११११ आवासीय भवन निर्माण/खरिद | ४६,५०,०००.०० | २८,७५,०००.०० | ६१.८३ | १७,७५,०००.०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ३६,००,०००.०० | १८,९६,८००.०० | ५२.६९ | १७,०३,२००.०० |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ४०,००,०००.०० | ९,७०,०००.०० | २४.२५ | ३०,३०,०००.०० |
| ३११२१ सवारी साधन | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| ३११२२ मेशिनरी तथा औजार | १७,८०,०००.०० | ०.०० | ० | १७,८०,०००.०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ७,५०,०००.०० | ०.०० | ० | ७,५०,०००.०० |
| ३११५१ सडक तथा पूल निर्माण | १०,१०,९०,०००.०० | ३३,१०,५००.०० | ३.२७ | ९,७७,७९,५००.०० |
| ३११५३ विद्युत संरचना निर्माण | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | ४४,३०,०००.०० | १,२५,०००.०० | २.८२ | ४३,०५,०००.०० |
| ३११५५ सिंचाई संरचना निर्माण | १,०९,५०,०००.०० | ११,५५,०००.०० | १०.५५ | ९७,९५,०००.०० |

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

## जुगल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक
**Office Code : ८०३२७५०२३००**

**आय व्ययको बिबरण**

०८२/८३ अवधी : २०८२/१२/०१-२०८२/१२/३०

| आय | व्यय | | | | |
|---|---|---|---|---|---|
| | ३११५६ खानेपानी संरचना निर्माण | ४३,६४,०००.०० | ९५,०००.०० | २.१८ | ४२,६९,०००.०० |
| | ३११५८ सरसफाई संरचना निर्माण | १३,५०,०००.०० | ०.०० | ० | १३,५०,०००.०० |
| | ३११५९ अन्य सार्वजनिक निर्माण | ११,८२,१५,५००.०० | १,१७,४०,५००.०० | ९.९३ | १०,६४,७५,०००.०० |
| | ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | १,५०,०००.०० | ०.०० | ० | १,५०,०००.०० |
| | जम्मा | ६३,८६,६२,५१५.१३ | ६,९१,५२,७३६.३० | १०.८२ | ५६,९५,०९,७७८.८३ |

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

## विविध

- रजिष्ट्रेशन नामसारी/जग्गापास सम्बन्धमा ।

(क) यस जुगल गाउँपालिका वडा नं. ४ साविक पाङताङ गा.वि.स. वडा नं. ६ पाकु स्थित मालपोत कार्यालय सिन्धुपाल्चोक चौतारामा स्रेस्ता कायम रहेको श्री पुर्ण बहादुर को नाति श्री पदम बहादुर को छोरा जग्गाधनी श्री दिपक सिलवाल को नाममा रहेको कित्ता नं.२०१ को क्षेत्रफल १३-०-३-१ को जग्गा उक्त जग्गाको उत्तर दक्षिण तर्फको १-११-०-१ क्षेत्रफलको जग्गा कित्ताकाट गरि सोही स्थानमा अवस्थित श्री गौतम आधारभूत विद्यालयको नाममा निःशुल्क लिखत पारित गराई दाखिल खारेज गरीदिनको लागि सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी (पहिलो संशोधन) कार्यनीति २०८२ को दफा ५ को उपदफा (२) बमोजिमको समिति लाई अनुरोध गर्ने निर्णय गरियो।

(ख) यस जुगल गाउँपालिका वडा नं. २ साविक गोल्चे गा.वि.स. वडा नं. ९ किप्चे स्थित मालपोत कार्यालय सिन्धुपाल्चोक चौतारामा स्रेस्ता कायम रहेको श्री सिंग लामाको नाति श्री ओङ दोर्जे लामाको छोरा जग्गाधनी श्री जनक लामाको नाममा रहेको कित्ता नं. ७०७ को क्षेत्रफल २-९-०-३ को पूरा जग्गा क्षेत्रफल नै सोही स्थानमा अवस्थित श्री सोलेथाना आधारभूत विद्यालयको नाममा निःशुल्क लिखत पारित गराई दाखिल खारेज गरीदिनको लागि सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी (पहिलो संशोधन) कार्यनीति २०८२ को दफा ५ को उपदफा (२) बमोजिमको समिति लाई अनुरोध गर्ने निर्णय गरियो।

(ग) यस जुगल गाउँपालिका वडा नं. ५ साविक बराम्ची गा.वि.स. वडा नं. ८ वाङगुजे स्थित मालपोत कार्यालय सिन्धुपाल्चोक चौतारामा स्रेस्ता कायम रहेको श्री पेमा दोर्जे लामाको नाति श्री इन्द्र लामाको छोरा जग्गाधनी श्री कार्पो लामाको नाममा रहेको कित्ता नं. ५ को क्षेत्रफल २-३-१-३ को पूरा जग्गा क्षेत्रफल नै सोही स्थानमा निर्माण हुन लागेको वाङगुजे सामुदायिक स्वास्थ्य इकाई केन्द्रको नाममा निःशुल्क लिखत पारित गराई दाखिल खारेज गरीदिनको लागि सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

सम्बन्धी (पहिलो संशोधन) कार्यनीति २०८२ को दफा ५ को उपदफा (२) बमोजिमको समिति लाई अनुरोध गर्ने निर्णय गरियो।

(घ)यस जुगल गाउँपालिका वडा नं. ५ साविक बराम्ची गा.वि.स. वडा नं. ३ डबली स्थित मालपोत कार्यालय सिन्धुपाल्चोक चौतारामा स्रेस्ता कायम रहेको तपसिल जग्गाधनीहरु बाट मिति २०८३/०१/२१ गते प्राप्त मन्जुरीनामा बाट इच्छुक देखिएकोले जुगल गाउँपालिका वडा नं.५ बराम्ची कार्यालयको नाममा भवन निर्माणको लागि निःशुल्क जग्गा प्राप्त गर्ने सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी (पहिलो संशोधन) कार्यनीति २०८२, को जग्गा उपयोग वा लिजमा उपलब्ध गराउँदा आवश्यक पर्ने जग्गाको प्रकृति र क्षेत्रफलमा उल्लेख भएको वडाको भवन निर्माणार्थ जग्गाको न्यूनतम क्षेत्रफल ३ रोपनी जग्गा ३ जना जग्गाधनीहरु बाट निःशुल्क लिखत पारित गराई दाखिल खारेज गरीदिनको लागि सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी (पहिलो संशोधन) कार्यनीति २०८२ को दफा ५ को उपदफा (२) बमोजिमको समिति लाई अनुरोध गर्ने निर्णय गरियो।

| क.स. | जग्गाधनी नाम | कित्ता नं. | क्षेत्रफल | तर्फ दिशा | वडा नं.५ बराम्ची कार्यालयको नाममा दिइने जग्गाको क्षेत्रफल |
|---|---|---|---|---|---|
| १ | श्री पोखरा देवी पुरी | ७५८ | १-६-३-३ | उत्तर दक्षिण | १-०-०-० |
| २ | श्री गंगा लाल श्रेष्ठ | १२९५ | ९-११-०-३ | उत्तर दक्षिण | ०-१२-१-१ |
| ३ | श्री मान बहादुर पुरी | ७५९ | १-११-१-१ | उत्तर दक्षिण | १-३-३-२ |

- **भुमि प्रशासन सम्वन्धी सेवा प्रवाह सम्बन्धमा ।**

भुमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय सिंहदरवार काठमाडौं बाट मिति २०८३/०१/१० गते प्रकाशित **"भूमि प्रशासन सम्बन्धी सेवाहरु स्थानीय तहबाट प्रवाह गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना"**प्राप्त भई व्यहोरा अवगत भयो सूचना अनुसार हाल मालपोत कार्यालय र नापी कार्यालयबाट प्रवाह हुदै आएको सेवाहरु सञ्चालन गर्न यस जुगल गाउँपालिका आवश्यक पूर्वाधार र

**गौरवराज के सी**
**प्रमुख प्रशासकीय अधिकृत**

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

जनशक्ती व्यवस्थापन गरी उक्त सेवा प्रवाहमा इच्छुक रहेकोले तत्काल सम्बन्धीत निकायमा आवश्यक प्रक्रियाका लागि पत्र मार्फत जानकारी गराउने निर्णय गरियो।

- **जग्गाको क्षेत्र वर्गीकरण सम्बन्धमा ।**

यस जुगल गाउँपालिकाको सम्पूर्ण वडाहरुको जग्गाको क्षेत्र वर्गीकरण भइसकेको अवस्थामा तपसिलका कित्ताहरु क्षेत्र वर्गीकरण संशोधन तथा वर्गीकरणमा छुट भएको भनि सम्बन्धित वडा कार्यालय बाट सिफारिस प्राप्त भए बमोजिम कित्ताहरुलाई तपसिलको क्षेत्रमा जग्गाको वर्गीकरण गर्ने निर्णय गरियो।

तपसिल

| क्र. स. | कित्ता नं. | साविक गा.वि.स. | साविक वार्ड नं. | वर्गिकरण गरिएको क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १ | १८२४ | हगाम | ७ | कृषि क्षेत्र | |
| २ | ७६३ | हगाम | ९ | कृषि क्षेत्र | |
| ३ | ७८५ | हगाम | ९ | कृषि क्षेत्र | |
| ४ | ८२६ | हगाम | ९ | कृषि क्षेत्र | |
| ५ | ८३५ | हगाम | ९ | कृषि क्षेत्र | |
| ६ | ८८६ | हगाम | ९ | कृषि क्षेत्र | |
| ७ | ५९८ | हगाम | ९ | कृषि क्षेत्र | |
| ८ | ७७० | हगाम | ९ | कृषि क्षेत्र | |
| ९ | २३६ | हगाम | ८ | कृषि क्षेत्र | |
| १० | २३२ | हगाम | ५ | आवासीय क्षेत्र | |
| ११ | ८७० | सेलाङ | ६ | आवासीय क्षेत्र | |
| १२ | ११९३ | गुम्बा | ९ | आवासीय क्षेत्र | |
| १३ | ८१७ | गुम्बा | ९ | व्यावसायिक क्षेत्र | |
| १४ | ९५१ | गुम्बा | ९ | व्यावसायिक क्षेत्र | |
| १५ | ९६१ | गुम्बा | ९ | कृषि क्षेत्र | |
| १६ | ९७० | गुम्बा | ९ | कृषि क्षेत्र | |
| १७ | १०२९ | गुम्बा | ९ | कृषि क्षेत्र | |

२०८१।१।३

**गौरवराज के सी**
**प्रमुख प्रशासकीय अधिकृत**

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | १०४० | गुम्बा | ९ | कृषि क्षेत्र | |
| १९ | १०४८ | गुम्बा | ९ | व्यावसायिक क्षेत्र | |
| २० | १०५४ | गुम्बा | ९ | कृषि क्षेत्र | |
| २१ | ११०१ | गुम्बा | ९ | व्यावसायिक क्षेत्र | |
| २२ | ११२९ | गुम्बा | ९ | व्यावसायिक क्षेत्र | |
| २३ | १४५ | हगाम | ८ | कृषि क्षेत्र | |
| २४ | २०३ | सेलाङ | ४ | कृषि क्षेत्र | |
| २५ | १५६७ | सेलाङ | १ | कृषि क्षेत्र | |

- यस जुगल गाउँपालिका वडा नं. ७ निवासी कराते खेलाडी श्री विवेन्द्र तामाङले थाइल्याण्डमा आयोजना भएको "Thailand Cup Karate Championship" मा नेपालको तर्फबाट उत्कृष्ट सहभागिता जनाई गाउँपालिकाको मात्र नभई राष्ट्रकै गौरव बढाउनु भएकोमा यो निज खेलाडीको खेल क्षेत्रप्रतिको लगनशीलतालाई कदर गर्दै र आगामी दिनमा थप सफलता हासिल गर्न हौसला स्वरूप गाउँपालिकाको तर्फबाट रु. ३५,०००/- (अक्षरेपी पैंतीस हजार रुपैयाँ मात्र) प्रोत्साहन रकम विविध खेलकुद शिर्षकबाट प्रदान गर्ने निर्णय गरियो।

- यस जुगल गाउँपालिका वडा नं. २ निवासी देशकै होनहार एवं प्रतिभाशाली खेलाडी सुश्री जुनु स्याङ्वोले Wushu Development of New Zealand Trust Board को आयोजनामा सम्पन्न भएको "Wushu Heroes 1st International Tournament" मा नेपालको तर्फबाट उत्कृष्ट सहभागिता जनाई यस गाउँपालिकाको शिर उच्च बनाउनु भएकोमा यो बैठक उहाँप्रति हार्दिक बधाई तथा धन्यवाद ज्ञापन गर्दछ। अन्तर्राष्ट्रिय खेल मञ्चमा उहाँले पुऱ्याउनु भएको योगदानको उच्च कदर गर्दै, खेल क्षेत्रमा निरन्तर लागिरहन थप उर्जा र हौसला मिलोस् भन्ने उद्देश्यका साथ निज खेलाडीलाई गाउँपालिकाको तर्फबाट प्रोत्साहन स्वरूप रु. १,००,०००/- (अक्षरुपी एक लाख रुपैयाँ मात्र) विविध खेलकुद शिर्षकबाट आर्थिक सहायता प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

- यस गाउँपालिका अन्तर्गत सञ्चालित ठेक्का/आयोजनामा सम्झौता बमोजिमको शर्त पालना नगरेको, कार्य सम्पादन सन्तोषजनक नगरेको र सार्वजनिक खरिद सम्झौता उल्लंघन गरेका कारण Shree S Construction Pvt. Ltd. लाई मिति २०७९/१०/२१ गते बसेको गाँउ सभाको निर्णय अनुसार र गाँउपालिकाको मिति २०७९/१२/२० गतेको पत्र अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयले मिति २०८०/०८/१५ मा २ वर्षको लागि कालोसूचीमा राखेकोमा कालो सूचीमा परेको उक्त निर्माण कम्पनीले सम्झौता शर्त उल्लंघन गरेको र कार्य अधुरो छोडेकाले, निजको नाममा नवज्योति आ वि भवन निर्माण (JRM/NCB/015/2076-77), ढाँडे विप्लुङ याङलाकोट सडक निर्माण (JRM/NCB/03/2077-78) र सुनखोला घुङ्गा पाङताङ सडक निर्माण (JRM/NCB/04/2077-78) आयोजनाहरुको निर्माणको क्रममा यस गाउँपालिकाको धरौटी खाता धरौटी रकम रु. १६,६०,१५२.०२ (अक्षरेपीः सोह्र लाख साठी हजार एक सय बाउन्न रुपैया दुई पैसा मात्र) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६५ बमोजिम धरौटी जफत गरी सोही नियमावलीको नियम ६७ बमोजिम राजश्वमा दाखिला गर्ने र नियम ६८ बमोजिम राजश्वमा आम्दानी बाँध्ने निर्णय गरियो।

- यस जुगल गाँउपालिका वडा नं ३ गुम्बा साविक गुम्वा गाविस वडा नै ७ निवासी मिकमार दोर्जे लामाको छोरी श्री नोर्जी वाङपु लामाको मिति २०७९/११/१५ गते विहान १०:१५ बजेको समयमा सोही स्थानको याङसामाने डाँडा भन्ने बारीमा आलु रोप्ने काम गर्दा गर्दै नजिकैको विद्युत खम्बाबाट करेन्ट लागि उक्त घटना स्थलमा नै मृत्यु भएको हो भनि वडा अध्यक्षको संयोजकत्वमा उठेको मुचुल्का समेत पेश भएको हुदाँ विपद् व्यवस्थापन कोष शिर्षकबाट पिडितको बुवालाई रु.१,००,०००। आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

- रत्न राज्य माध्यमिक विद्यालयमा कार्यरत प्रा.वि. शिक्षक श्री भेषराम उपाध्याय निजको शारीरिक अवस्था (अपाङ्गता) लाई समेत मध्यनजर गरी सहजताका लागि सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०५/१६ गतेको निर्णय र गाउँ शिक्षा समितिको मिति २०८१/०७/२९ गतेको निर्णय अनुसार यस जुगल गाउँपालिकाको कार्यालयमा काजमा खटाउने गरी भएको निर्णयलाई यस गाउँ कार्यपालिकाको यस बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो।

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७२